प्रदेश स्तरीय ज्येष्ठ नागरिक समन्वय समिति, कार्यविधि, २०७८

मन्त्रालयबाट (मा.मन्त्रीस्तरबाट) स्वीकृत मिति २०७८/५/२९

**प्रस्तावना** : प्रदेशमा ज्येष्ठ नागरिकहरुको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट ज्येष्ठ नागरिकको हक अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गर्न , समन्वय गर्न, अनुगमन गर्न, तथा निर्देशन गर्नको लागि प्रदेशस्तरीय ज्येष्ठ नागरिक समन्वय समिति गठन गर्न तथा उक्त समितिका बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धि कार्यविधि आवश्यक भएकोले प्रदेश सरकार कार्य सञ्चालन नियमावली २०७५ को नियमानुसार भएकोले महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश स्तरीय ज्येष्ठ नागरिक समन्वय समिति कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनुपर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. २ को मन्त्रिपरिषद् सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिमको प्रदेश स्तरिय ज्येष्ठ नागरिक समन्वय समिति सम्झनुपर्छ ।

३. **समितिको गठन** : (१) ज्येष्ठ नागरिकको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी कामकारबाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक प्रदेश स्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (सामाजिक सेवा हेर्ने) - सदस्य

(ग) सचिव, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय - सदस्य

प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

(घ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा म.प.का. - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(छ) अध्यक्ष, प्रदेश उद्योग वाणिज्य महासंघ - सदस्य

(ज) जिल्ला ज्येष्ठ नागरिक संघका जिल्ला अध्यक्षहरु ८ जिल्लाका(८ जना) - सदस्य

(झ) ज्येष्ठ नागरिक समाजमा योगदान गरेका व्यक्तिहरु मध्ये अध्यक्षबाट मनोनित कम्तीमा एक महिला सहित तीनजना - सदस्य

(ञ) प्रदेश स्तरीय पत्रकार महासंघको प्रमुख - सदस्य
(प्रदेश स्तरीय महासंघ गठन नभएको अवस्थामा पत्रकार महासंघ धनुषाका अध्यक्ष)

(ट) मन्त्रालयका योजना महाशाखा प्रमुख - सदस्य

(ठ) मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(६) मन्त्रालयको ज्येष्ठ नागरिक सम्बन्धी विषय हेर्ने शाखा प्रमुखले बैठक व्यवस्थापन, सूचना प्रवाह लगायतका समितका अन्य कामहरु गर्नेछन् ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ज्येष्ठ नागरिक सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न मन्त्रालयलाई राय सुझाव पेश गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही ज्येष्ठ नागरिक सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने,

(ग) ज्येष्ठ नागरिकको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रबर्द्धन गरी ज्येष्ठ नागरिकलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने,

(घ) ज्येष्ठ नागरिक सम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

(ङ) ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा मन्त्रालयलाई सुझाव दिने,

(च) ज्येष्ठ नागरिकको सेवा सुविधाको लागि प्रयोग हुने उपकरण वा वस्तुको उपलब्धता र प्रयोगलाई प्रबर्द्धन गर्ने, गराउने र सो को समन्वय गर्ने,

(छ) ज्येष्ठ नागरिकको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने,

(ज) ज्येष्ठ नागरिकको हकहित, प्रबर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग, सहकार्य तथा समन्वय गर्ने,

(झ) प्रदेशमा ज्येष्ठ नागरिकका लागि सञ्चालित विभिन्न कार्यक्रमको ज्येष्ठ नागरिक मिलन केन्द्र, वृद्धाश्रम लगायतका अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने,

(ञ) ज्येष्ठ नागरिक सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने, गराउने,

(ट) समितिले आवश्यक ठानेका ज्येष्ठ नागरिकहरुसंग सम्बन्धित अन्य कार्यहरु गर्ने,

(ठ) समितिले ज्येष्ठनागरिक सम्बन्धित मन्त्रालयको वार्षिक योजना तथा कार्यक्रममा आवश्यक सहयोग तथा समन्वय गर्न सक्नेछ ।

**५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>:**

(१) समितिको बैठक कम्तीमा हरेक चौमासिकमा एक पटक बस्ने छ । समितिको आवश्यकता अनुसार थप बैठक बस्न बाधा पर्ने छैन ।

(२) निर्देशन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा दुई दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(५) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
प्रदेश ...
जनकपुरधाम

६. **बैठक भत्ता तथा सेवा सुविधा** : समितिका सदस्यहरूले बैठकमा भाग लिए बापत प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन् र जिल्ला बाहिरबाट बैठकमा सहभागि हुन आउदा सहभागीले अधिकृत स्तरको दै.भ्र.भ.मन्त्रालयबाट पाउने छन ।

७. **ज्येष्ठ नागरिक लक्षीत कार्यक्रममा सहयोग गर्ने** : (१) मन्त्रालयले तयार गर्ने वार्षिक कार्यक्रममा ज्येष्ठ नागरिकको हकहीत तथा अधिकारको सन्दर्भमा सहयोग पुग्ने कार्यक्रम तय गर्न मन्त्रालयमा सुझाव पेश गर्न सक्ने छ ।

(२) मन्त्रालयले प्रदेश भित्रका उल्लेखनीय काम गर्ने तथा विशेष दक्षता भएका ज्येष्ठ नागरिक तथा अन्य ज्येष्ठ नागरिकलाई मापदण्ड बनाई सम्मान गर्न आवश्यक समन्वय र सहयोग गर्न सक्नेछ ।

८. **वार्षिक प्रतिवेदन पेश गर्ने**: समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन सदस्य सचिवले तयार गरि समितिको स्वीकृतिमा मन्त्रालयमा पेश गर्नेछन ।

९. **निर्देशन दिने**: समितिले जिल्ला ज्येष्ठ नागरिक संघ तथा ज्येठ नागरिक सम्बन्धी कामकाज गर्ने संघसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । समितिको निर्देशन पालना गर्नु निजहरुको कर्तव्य हुनेछ ।

१०. **मार्गदर्शन बनाउने अधिकार** : यस कार्यविधिमा तोकिएका काम, कर्तव्य र अधिकार कार्यान्वयनको लागि समितिले आवश्यक कार्ययोजना तथा मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

११. **संशोधन गर्न सक्ने** : मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गरी लागू गर्न सक्नेछ ।